ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY


पृष्ठ ३ मा

ब्लड क्यान्सरको खतरा

❑ वर्ष-९ ❑ अङ्क-३६, २०७४ माघ २० गते, शनिबार (Feb.3 2018 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठ: संख्या: ६

प्रदेशसभाको प्रथम बैठकका लागि सभाकक्षको तयारी पुरा

फत्तेपुर / माघ २१ गते बोलाइएको प्रदेश नं २ को प्रथम बैठकको सभाकक्षको तयारी अन्तिम चरणमा पुगेको प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थको सचिवालयले जनाएको छ ।

प्रदेश २ का ज्येष्ठ सांसद लगन चौधरीलाई संसद् सचिवालयको टोलीले बुधबार प्रशिक्षणसमेत दिएको छ । टोलीले उहाँलाई बैठक सञ्चालनका विधि र प्रक्रियाबारे प्रशिक्षण दिएको हो ।

संसद् सचिवालयका रञ्जित यादवले चौधरीको सिरहाको लहानस्थित घरमै पुगेर प्रशिक्षण गरिएको बताए । चौधरीले पहिलो प्रदेशसभा बैठकको अध्यक्षता गर्नेछन् । । संसद् सचिवालयका यादवले बैठकमा प्रस्तुत हुने र पत्र



वाचन गर्ने तरिकाबारे जानकारी तथा प्रशिक्षण गराएको बताए ।

प्रदेशसभा सञ्चालन गराउने कर्मचारीलाई प्रशिक्षण दिन संसद् सचिवालयबाट सहसचिव वंशिधर पौडेलको नेतृत्वमा चार सदस्यीय टोली जनकपुर पुगेको छ । तर, सभा सञ्चालनका लागि सामान्य प्रशासन मन्त्रालयबाट तोकिएका कर्मचारी भने अझै आइपुगेका छैनन् ।

प्रदेशसभा सञ्चालनका लागि मन्त्रालयले २७ कर्मचारी पठाउने निर्णय गरेको थियोरु। "हाम्रो उद्देश्य बैठक सञ्चालन र प्रशिक्षण दिने हो तर प्रशिक्षण लिने कर्मचारी नै छैनन्" संसद् सचिवालयका कर्मचारी यादवले बताए ।

प्रदेश २ को प्रथम अधिवेशन माघ २१ गते बोलाइएको छ । कर्मचारी नआए पनि सभाकक्षको तयारी भने अन्तिम चरणमा पुगेको छरु। जिम्मेवारी बहन गर्ने कर्मचारी नआएको धनुषाका प्रमुख जिल्ला अधिकारी दिलीप चापागाईले बताए ।

यता प्रदेश नं २ को पहिलो बैठकको विषयमा प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थको आह्वानमा बिहीबार भएको सर्वदलीय बैठकले प्रदेश सभाको पोशाक, लोगो तथा प्रयोग गरिने भाषाका बारेमा निर्णय गरेको छ ।

बाँकी ४ पृष्ठमा

अतिक्रमण विरुद्ध वाइसिएलले खबरदारी गर्ने

राजविराज / माओवादी केन्द्रको भ्रातृ संगठन योङ कम्युनिस्ट लिग (वाइसिएल) सप्तरीले भारतीय सीमा क्षेत्रमा बढ्दै गएको भूमि अतिक्रमण विरुद्ध खबरदारी गर्ने निर्णय गरेको छ ।

जिल्ला संयोजक विनोदकुमार यादवको अध्यक्षतामा शुक्रबार राजविराजमा बसेको बैठकले सीमाक्षेत्रको स्थलगत अनुगमन तथा आवश्यक कागजातको अध्ययन गरी भूमि अतिक्रमण विरुद्ध खबरदारी गर्ने निर्णय गरेको हो।

देशका विभिन्न क्षेत्रमा सीमा अतिक्रमणका समाचारहरु आउन थालेपछि सप्तरीमा त्यस्ता गतिविधि

बाँकी अन्तिम पृष्ठमा

नगरपालिकाले मदिरा बिक्री र बालबालिकालाई मोबाइल प्रयोगमा रोक लगायो

लहान / अबदेखि सिरहाको कल्याणपुर नगरपालिकाको तीनवटा वडामा मदिरा बिक्री वितरण र भोजपुरी भाषाका अश्लील खालका गीत बजाए सम्बन्धित वडा कार्यालयले जरिवाना गर्ने भएको छ ।

साथै, बालबालिकाको मोबाइल र मोटरसाइकलमा बढ्दो प्रभावलाई निरुत्साहित गर्न बालबालिकालाई मोबाइल प्रयोगमा रोक लगाउनेसमेत निर्णय गरेको छ ।

कल्याणपुर नगरपालिका(५ का वडाध्यक्ष दीपेन्द्र यादवको अध्यक्षतामा बिहीबार बसेको सर्वपक्षीय बैठकले कल्याणपुर नगरपालिका वडा नं ४, ५ र ६ मा मदिरा बिक्री वितरण, प्रयोग तथा भोजपुरी भाषाको अश्लील गीत बजाउन रोक लगाउने निर्णय गरेको हो ।

जाँडरक्सी सेवन तथा भोजपुरी भाषाका अश्लील गीतका कारण समाजमा विकृति विसंगति, होहल्ला, झैझगडा हुने गरेकाले त्यसलाई नियन्त्रण गरी समाजमा शान्तिपूर्ण वातावरण बनाउन मदिरा बिक्री वितरण र प्रयोगमा निषेध गरिएको वडा नं ६ का वडाध्यक्ष मोतिबुल राइनले जानकारी दिनुभयो ।

तीनै वडा क्षेत्रभित्रका पसलमा रहेका जाँड रक्सी माघ मसान्तभित्र बिक्री वितरण गरिसक्न निर्देशन दिँदै फागुन १ गतेदेखि पसलमा मदिरा पाइएमा पहिलोपटक पसलेलाई रु पाँच हजार र प्रयोगकर्तालाई रु दुई हजार जरिवाना गर्ने निर्णय गरिएको वडाध्यक्ष राइनले बताउनुभयो ।

बाँकी अन्तिम पृष्ठमा





नगरपालिकाले ....

बैठकले तीनवटै वडामा अश्लीलखालका भोजपुरी गीत बजाउन रोक लगाउँदै निर्णय विपरीत भोजपुरी गीत(सङ्गीत बजाएमा रु पाँच हजार जरिवाना गर्ने निर्णय गरिएको समेत जानकारी दिइएको छ।

बैठकले १६ वर्षमुनिका युवा(युवतीलाई मोबाइल र मोटरसाइल प्रयोग गर्न रोक लगाइएको र निर्णय विपरीत मोबाइल र मोटरसाइकल प्रयोग गरेको पाइएमा पहिलो पटक रु ५०० जरिवाना गर्ने निर्णय गरिएको वडाध्यक्ष राइनले जानकारी दिनुभयो।

कलयापुर नगरपालिकालाई नै मदिरामुक्त बनाउने लक्ष्यअनुरूप पहिलो चरणमा तीन वटा वडालाई मदिरा बिक्री वितरण र भोजपुरीको अश्लील गीत बजाउन निषेध गर्ने निर्णय गरिएको वडाध्यक्ष राइनको कथन छ। सर्वपक्षीय बैठकमा जनप्रतिनिधि, स्थानीय व्यापार संघका पदाधिकारी, स्थानीय सुरक्षा निकायका प्रमुख तथा समाजसेवीको उपस्थिति रहेको थियो।

अतिक्रमण ....

हुन नदिन र भएको भए तत्काल सच्याउनेतर्फ पहल गर्न यस्तो निर्णय गरिएको संयोजक यादवले बताए।

बैठकले गैरकानुनी रुपमा चुरे पहाड तथा नदीनाला उत्खनन बढेको निष्कर्ष निकाल्दै प्राकृतिक सम्पदाको दोहन रोक्न संघर्ष गर्ने पन निर्णय गरेको छ। अप्राकृतिक रुपमा वन तथा नदीजन्य पैदावार उत्खननले बाढी-पहिरोको खतरा बढेको बैठकको निष्कर्ष छ।

यस्तै, जिल्लामा बढ्दै गएको भ्रष्टाचार, अनियमितता, घुसखोरी, कालोबजारीको अवस्था अध्ययन गरी त्यस विरुद्ध संगठित रुपमा प्रहार गर्ने तथा संलग्न व्यक्तिहरुको पर्दाफास गर्ने निर्णय पनि भएको बैठकमा सहभागी वाइसिएलका केन्द्रीय सदस्य एजेट न्यासुर (लामा)ले जानकारी दिए।

माओवादी केन्द्रका स्थायी समिति सदस्य उमेश यादव, वाइसिएल नेपाल २ नम्बर प्रदेश कार्यालय सदस्य तथा सप्तरी इन्चार्ज शिवकुमार रामको समेत उपस्थिति रहेको बैठकले २३औं जनयुद्ध दिवसलाई भव्य रुपमा मनाउने निर्णय पनि गरेको छ।

तपाईहरूको सेवामा फत्तेपुर पोलिक्लिनिक



हाम्रा उपलब्ध सेवाहरू

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा

फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मार्ग अगाडी फोन नं.: ०३१-५५०१८७

शीत लहरके समयमे ठण्डीक कारण मनैन्के ज्यान फे जाइ सेकठ। ओहेसे,

- डन्डुर हुइना लुग्गाक् व्यवस्था करेक परठ।
- शीत लहरके समयमे घर बाहेर ढेर समय ना बिटाइ, घर बाहेर निकरे परलेसे वा ढेर समय बिटाइ परलेसे डन्डुर हुइना लुग्गा लगाइ।
- रातीक जुन गुद्री, चद्दी जसिन डन्डुर हुइना चिज ओह्री। घरेक भित्तर रातके सुतेबेर जिउक् साथे अनिवार्य रुपमे छाती ओ कपार छोप्ना व्यवस्था करी।
- शीत लहर चलल समय आगी ताप्के जिउहे डन्डुर बनाइ, छाती ओ कपार हे ठण्डीसे बचइना काम करी।
- जार मौसममे जिउहे चहना आवश्यक टाटुल खैना चिज खैना बानीक विकास करी।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आवश्यकता सम्बन्धि सूचना

मिति :- २०७४/१०/०९

यस त्रियूगा सहकारी संस्थाले संचालन गर्न लागेको डिपार्टमेन्ट स्टोरको लागि कर्मचारीको आवश्यकता भएकोले योग्य नेपाली नागरिकहरुबाट खुल्ला प्रतिस्पर्दाद्वारा छनौट गरिने भएकोले इच्छुक उम्मेदवारलाई आफ्नो शैक्षिक योग्यता तथा रित पूर्वकको दर्खास्त आवहान गरिन्छ।

१. विज्ञापन नं. १/२/३/४-०७४/७५

२. **पद**

(क) प्याकिङ्ग तथा क्लीनर १ जना महिला (ख) सेक्युरिटी गार्ड १ जना पुरुष
(ग) सेल्स मेन २ जना महिला (घ) काउन्टर विलिङ्ग क्यासियर १ जना महिला
(ङ) स्टोर मेनेजर १ जना पुरुष

३. **न्यूनतम योग्यता** :-

(क)साधारण लेख पढ। (ख)भू.पु.को परिचय खुल्ने प्रमाणपत्र।
(ग)एस.एल.सी. वा सो सरह। (घ) प्रविणता प्रमाणपत्र तह उतिर्ण गरी कम्प्यूटरमा दक्ष
(ङ)प्रविणता प्रमाणपत्र तह उतिर्ण गरी कम्प्यूटरमा दक्ष

४. **उमेर** :-

(क)(ग)(घ) (ङ)१८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
(ख) ६० वर्ष ननाघेको

५. **परिक्षाको किसिम** :- लिखित, मौखिक तथा प्रयोगात्मक

६. **परिक्षा दस्तुर** :- (क)२००।- (ख)र(ग)३००।-(घ)र (ङ)५००।-

८. **दरखास्त फारम दस्तुर** :- ५०।- (पचास मात्र)

९. **तलब भत्ता** :- मासिक (क)र (ख)(ग) ८०००। (घ) (ङ) रु.१२०००।

१०. **काम गर्नु पर्ने समय** :- १० घण्टा र सो भन्दा बढी समयको ओभर टाइमको व्यवस्था।

११. **स्थायी/अस्थायी** :-क ,ख र ग को ६ महिने करार नियूक्ति। घ र ङ को १ वर्ष परिक्षणकालमा रहने गरी अस्थायी नियूक्ति।

१२. **दरखास्त बुझाउने अन्तिम मिति** :- २०७४।१०।२५ गते बिहीवार ३ बजे सम्म।

१३. **सम्पर्क मिति** :- २०७४।१०।२८ गते दिनको ११ बजे।

१४. **दरखास्त फारम पाईने स्थान** :- त्रियूगा सहकारी संस्था लि. फत्तेपुरमा कार्यालय समयमा लिन सकिने छ।

१५. **दरखास्त फारम बुझाउदा** : शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपी १/१ थान र पासपोर्ट साईजको फोटो २ प्रति र अन्य संघ संस्थामा कामगरेको भए अनुभबी प्रमाणपत्र पेश गर्ने। अनुभविलाई विशेष ग्रह्यता।

१६. **अन्य सुविधा**:- पोशाक तथा अन्य सामाग्रीको ब्यवस्था संस्थाले उपलब्ध गराउने छ।

पदपूर्ति समिति
संयोजक
त्रियूगा सहकारी संस्था लि. फत्तेपुर, सप्तरी,
फोन नं. : ०३१-५५०१४४

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग बिशेषज्ञ

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

प्रमुख सल्लाहकार: डा.महेन्द्र बिष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन कंसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय.....

मुलुक टाट पल्टाउने नियत

नियमतः चुनावको घोषणा हुनेबित्तिकै सरकार काम चलाउ हुन्छ । त्यस्तो सरकारलाई कानुनी अधिकार भए पनि दीघृका लिन असर पर्ने ठूला निर्णय गर्ने अधिकार हुदैन । दैनिक प्रशासन चलाउने र संक्रमण काल भएकाले संविधान कार्यान्वयन गर्न अत्यावश्यक निर्णय मात्र गर्न सक्छ । तर, नेपाली कांग्रेसका सभापति समेत रहेका शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्ले भने चुनाव भएको र आफूले जनादेश गुमाएको थाहै नपाएझैं दीर्घकालीन प्रभावका निर्णयहरू गरिरहेका छन् । जनमत गुमाएर सत्ता बसि अनावश्यक निर्णय गर्नु किमार्थ राम्रो मान्न सकिदैन् । शासन चलाउने आधार गुमाइसकेपछि पनि निर्णय गर्न नहिचकिचाउने देउवा मन्त्रिपरिषद्को कार्यशैली स्वार्थपूर्ण भएको अनुमान गर्न असजिलो छैन् ।

जनताले वाम गठबन्धनलाई स्पष्ट बहुमत दिएका छन् । गठबन्धनबाट अब सरकार बन्दैछ । सम्भावित प्रधानमन्त्रि केपी ओलीले देउवा सरकारले गरेको गलत निर्णय उल्टाउने उद्घोष गरि सकेका छन् । देउवा सरकारको गलत अभ्यासको परम्परा बन्न नदिन पनि निर्णय उल्ट्याइनु वाञ्छानिय हुने छ ।

देउवा मन्त्रिपरिषद्ले गरेका निर्णय तत्काल जनतालाई राहत पुग्ने देखिए पनि त्यसले मुलुकको अर्थतन्त्रलाई दीघृकालिन असर पुग्ने देखिन्छ । राज्यको ढुकुटी रित्तो बनाएर सत्ता छाड्ने दाउपेसमा रहेका देउवा मुलुकलाई टाट उल्ट्याउने काममा उद्यत छन् । पार्टीका हनुमानहरुलाई बूढीगण्डकी सुम्पने वा पार्टीका कार्यकर्ता र चाटुकारको बथान राज्यको ढुकुटीबाट पाल्ने प्रवृत्ति यस सरकारले पक्षपोषण गरेको छ । राज्यबाट सबैभन्दा धेरै तलबभत्ता बुझेकाहरूलाई नै राज्यको कोषबाट करोडौं रुपियाँ आर्थिक सहयोगका नाममा पोस्ने प्रवृत्तिले मुलुक टाट पल्टिन कति बेर पनि लाग्दैन् ।

यस्तै, गलत आर्थिक नीति र भ्रष्टाचारलाई प्रश्रय दिँदा राज्यहरू खोक्रो हुँदैगएको छ । दिन दिनै इन्धनको भाउ बढाएर जनताको ढाड सेक्ने काम भएको छ । यस्ता निर्णय विरुद्ध मौन रहनु प्रतिपक्ष दलको भूमिका सकरात्मक मान्न सकिदैन् । आफुलाई सरकार चलाउन अप्ठ्यारो पर्ने निर्णयको विरोध गर्ने तर जनतालाई असर पर्ने निर्णयमा भने कुनै प्रतिक्रिय नदिने वाम गठबन्धनको नियत पनि मनासिप मान्न सकिदैन् । वाम गठबन्धनले जनताका समस्या प्रति पनि आवाज उठाउनु पर्दछ ।

नेपाल-भारत मित्रता र आर्थिक विकास

❐ विपुल कुमार

गणतन्त्रमा प्रवेश गरेपछि भारतले प्राप्त गरेको सफलता, विकास र समृद्धि लोभलाग्दो छ । अधिक नजिकको खुला सीमायुक्त छिमेकी हुनुको नाताले भारतबाट नेपालले यसको लाभ उठाउन सक्दो कोसिस गरिनुपर्नेमा यो अझै अपर्याप्त नै रहेको कटु यथार्थ हो । यस सवालमा आर्थिक तथा राजनीतिक रूपमा स्थिर बन्न नसक्नु हाम्रो दुर्भाग्य हो । निश्चय नै भूगोल बदलिँदैन, परापूर्वकालदेखि रहेको अन्तरसम्बन्ध पनि टुट्न सक्दैन र पनि समयसँगै पुस्ता बदलिन्छ अनि बदलिएको पुस्तासँगै सम्बन्धले नयाँ व्याख्या, नयाँ आयाम र अवसर खोजिरहेको हुन्छ । तर, यो बदलावको खोजीलाई भ्रमपूर्ण अपव्याख्याको जलप दिएर मित्रराष्ट्र भारतसँगको अन्योन्याश्रित सम्बन्धलाई नै खलल पुऱ्याउन खोज्ने प्रवृत्ति यदाकदा यहाँ टाउको उठाउन खोज्छ ।

तथाकथित राष्ट्रवादको आवरणमा द्विदेशीय सम्बन्ध भड्काउन खोजिए पनि सम्बन्धको अन्तरनिर्भरता भने ज्युँकात्युँ रहेको सत्य अस्वीकार गर्न भने कसैले सक्दैन ।

समान सामाजिक, सांस्कृतिक, धार्मिक र राजनीतिक व्यवस्था भएका दुई छिमेकी भारत र नेपालबीच हाल उत्पन्न भएको ठानिएको तनावको अवस्था पनि यही सङ्कीर्ण राजनीतिक नेतृत्वको उपज हो । यसका बाबजुद मित्रराष्ट्र भारतले नेपालमा शान्ति र विकासको आफ्नो चाहनालाई पटक(पटक दोहोऱ्याउँदै आएको छ । नेपालको जलस्रोतलगायत यावत् प्राकृतिक स्रोत एवम् पर्यटकीय सम्भावनाको भरपूर सदुपयोग हुनुपर्छ र त्यसका लागि आवश्यक सहयोग उपलब्ध गराउन भारत तत्पर रहेको धारणा भारतीय पक्षबाट बारबार प्रकट गरिँदै आएका छन् । छिमेकी समृद्ध भए मात्र आफ्नो पनि प्रगतिको मार्ग उन्नत हुनसक्छ भन्ने मान्यताबाट भारतको यस्तो धारणा आएको मननीय विषय हो ।

सबभन्दा नजिकको छिमेकी हुनुको नाताले नेपाल र भारतबीच आपसी मित्रता, सौहार्द्धता, साथ(सहयोग आदानप्रदानसँगै राजनीतिक कोणबाट बेलाबखत विवाद वा थोरधेर असन्तोषको भाव पनि प्रकट नभएका होइनन् । तर, यी दुई देशबीच विद्यमान प्राकृतिक तवरको मित्रताका कारण त्यसप्रकारका असहज वा अस्वाभाविक परिस्थितिको व्यवस्थापन पनि स्वतः नै भइआएका दृष्टान्तहरू छन् ।

भारत आज हातका औंलामा गन्न सकिने विश्वकै समृद्ध शक्तिराष्ट्रको पङ्क्तिमा उभिन पुगेको तथ्य छर्लङ्ग छ । पराधीनताको तिक्तता व्यहोरेको हुँदा राष्ट्रिय स्वाधीनताको महत्व कस्तो हुन्छ भन्ने कुरा भारत वा भारतीय जनताले राम्ररी महसुस गरेका छन् ।

त्यसैको प्रतिफल आज उनीहरूको राष्ट्रियताप्रतिको भावना अनुकरणीय मानिन्छ । भारतको गणतन्त्रले प्रदान गरेको समानता र आत्मगौरवको भावले पनि भारतलाई विकासको फड्को मार्न जनताको साथ(समर्थन रहेको छ । सर्वाधिक निकटको छिमेकी मित्रदेश हुनुको नाताले भारतका सामाजिक, आर्थिक, राजनीतिक क्रियाकलाप वा आयामहरूको सोझो प्रभाव नेपालमा पर्दछ । त्यसमाथि नेपाल तीनतिरबाट भारतवेष्टित हुनुको कारण नेपालसँग जोडिएका भारतका पाँचवटा प्रदेशसँग त भौगोलिक एकरूपता र सांस्कृतिक समानता मात्र नभई हाम्रो अन्तरनिर्भरता पनि त्यत्तिकै छ । दुवै देशका नागरिक विशेष गरेर भारतका पाँच प्रदेश र ती पाँचसँग जोडिएको नेपाली भूभागका मानिस एक(अर्कासँग अविभाज्यझैं गाँसिएका छन् ।

भारतका हरेकजसो भूभागमा नेपाली पुगेका छन् भने कतिपय ठाउँमा त रैथानेसरह (आफ्नै देशमा झैं) भएर बसेका छन् । यस भौगोलिक(सांस्कृतिक परिवेशमा नेपालले आफ्नो भारतसँगको सम्बन्धलाई हेर्दै आएको छ, हेर्नुपर्ने हुन्छ । सम्बन्धका कतिपय उतारचढावपूर्ण उहापोहबीच पनि भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल र नेपालीहरूसँगको बहुआयामिक सम्बन्धको सम्मान एवम् पारस्परिक हित वा सहयोगका लागि लालायित रहेको सचेत तप्काबाट छिपेको विषय होइन । दुःखको कुराचाहिँ के छ भने मित्रराष्ट्र भारतबाट नेपालसँगको सम्बन्धलाई उन्नत बनाउने लालसा अनेक सन्दर्भ वा कोणबाट प्रकट भइरहँदा पनि नेपाली नेतृत्वले भने भारतसँगको सम्बन्धका नयाँ आयाम पहिल्याउनेबारे ठोस नीति र परियोजना पहिल्याउनै नसकेको अवस्था छ ।

नेपाल(भारत सम्बन्ध जति गहिरो छ त्यत्तिकै जटिल पनि छ भन्ने आवाज बेला(बेलामा मुखरित हुने गरेको सन्दर्भमा



सम्बन्धलाई यसरी जटिल गाँठोको रूपमा चिनाउन उद्यत् प्रवृत्ति कसरी किन निम्तिने गर्छ भन्ने प्रश्नको चुरो पहिल्याउनु अपरिहार्य ठानिएको छ । सम्बन्धलाई नयाँ परिभाषा दिनका लागि विश्वासिलो राजनीतिक र व्यावहारिक वातावरण बनाउन हामी वास्तवमै चुकिरहेका छौं र पनि सम्बन्धको 'जटिलता' आफ्नो ठाउँमा र जनता(जनताबीचको सम्बन्ध आफ्नै लयमा चलिरहनु सुखद् पक्ष हो ।

नेपाल(भारत सम्बन्धका धेरै आयामहरू छन् । राज्य(राज्य सम्बन्ध, राजनीतिक दलहरूबीचको सम्बन्ध, सांस्कृतिक सम्बन्ध, जनता(जनता बीचको सम्बन्ध, उद्यमी(व्यवसायी बीचका सम्बन्ध र आध्यात्मिक(दार्शनिक सम्बन्ध आदि । यो सम्बन्ध मानव जीवनका अनेकौं आयामहरूमा फैलिएको छ ।

राज्यस्तरमा सम्बन्धमा यस्तो अभूतपूर्व जटिलता आएको बेलामा पनि जनस्तरको सम्बन्ध भने पूर्ववत् र सुमधुर रहनुले हाम्रो सम्बन्धको वहुआयामलाई अभिव्यक्त गर्छन् ।

नागरिक स्तरमा रहेको सौहार्द्रता राजनीतिक सम्बन्धमा सधैभरि प्रतिबिम्बित हुँदैन, बरू बेलाबेलामा अविश्वास, आशङ्का र उतार(चढावका छायाहरू देखा पर्ने गर्छन् । कहिलेकाँही यस्तो अविश्वासले पारस्परिक सम्बन्धमा असहजता निम्त्याउने गरेको गरेको छ ।

नेपाल(भारत सम्बन्ध दुई देशका बीचमा राजनीतिक सीमा रेखा कोरिएपछिको युगमा सुरू भएको नयाँ सम्बन्ध होइन । पारस्परिक सम्बन्धका पदचिह्नहरू प्राग(ऐतिहासिक कालदेखि नै खोज्न सकिन्छ, जतिबेला मानव जाति आफ्नो अस्तित्वका निम्ति प्रकृतिसँग सङ्घर्ष गर्दै थियो । आधुनिक विभाजन रेखा कोरिनु अगावै, झण्डै पाँच हजार बर्ष अगाडिदेखि दुबै देशले पूर्वीय सभ्यताको विकासका निम्ति ठूलो योगदान गरेका छन् । वेदका कैयौं ऋचाहरू यही भूमिमा कोरिएका छन् । उपनिषद्हरू यतै सिर्जना गरिएका छन् । लोकायत, साङ्ख्य, न्याय, वौद्ध र जैन जस्ता युगीन दर्शनहरूको प्रतिपादन यतै भएको छ र योग, तन्त्र, आयुर्वेद, सङ्गीत, नृत्य जस्ता मानव जातिका महान् उपलब्धिहरू यतै निर्माण भएका छन् । भारत विद्या आर्जनका लागि धेरै नेपालीको गन्तव्य बन्दै आएको छ भने नेपाल ज्ञान र शान्तिको खोजीका लागि धेरै भारतीयहरूका लागि आध्यात्मिक रोजाइ रहँदै आएको छ ।

भारतको स्वतन्त्रता संग्राममा मनमोहन अधिकारी, बीपी कोइराला र कृष्णप्रसाद भट्टराई लगायत अग्रजहरूको प्रत्यक्ष सहभागिता, जेलजीवन एवम् राणाकालीन निरङ्कुशतन्त्रका बेला नेपालका लोकतान्त्रिक पार्टीहरू गठन भारतमा हुनु, नेपालको लोकतान्त्रिक आन्दोलनमा भारतको सधैभरि सद्भाव रहनु हाम्रो सम्बन्धको विशिष्ट पक्ष हो ।

दुई देशबीचको सम्बन्धलाई समयानुकूल विकास गर्ने विषयमा भने समस्याहरू रहँदै आएका छन् । सात सालको क्रान्तिपश्चात् स्वतन्त्र भारत र प्रजातान्त्रिक नेपालबीच सम्बन्धलाई नयाँ आयाम दिने आधार तैयार भएको थियो । तर त्यसलाई नयाँ ढङ्गले परिभाषित गर्न सकिएन । राणाहरूले आफ्नो सत्ता जोगाउन र भारतले आफ्नो प्रभावलाई कायम राख्न बनाइएको १९५० को सन्धिले दुई देशबीचको सम्बन्धलाई सधैभरि असहज अवस्थामा राख्यो । २०१७ सालपछि राजाहरूले तानाशाही शासनको औचित्य पुष्टि गर्न 'राष्ट्रवाद' लाई निकै प्रयोग गरे ।

नेपाल(भारत सम्बन्धका समग्र आयामहरूका बारेमा अध्ययन गर्न र सुझाव दिन दुबै देशबीच प्रबुद्ध समूहहरूको गठन भएको छ । राजनीति र कुटनीतिमा खारिएका व्यक्तित्वहरू सम्मिलित यस समूहले दिने सुझावले पारस्परिक सम्बन्धलाई नयाँ उचाइमा उठाउन गहकिलो भूमिका खेल्ने अपेक्षा गरिएको छ । दुई देशबीच आपसी विश्वास र समझदारीमा उभिएको, सार्वभौम समानता र पारस्परिक लाभमाथि आधारित र दुई देशका जनताको अधिकतम हितमाथि आधारित सम्बन्ध नै समयको आवश्यकता हो ।

लामो समयसम्म इतिहासका भावनात्मक पक्षमाथि आधारित रहेको, एक कालखण्ड दुबै देशको आन्दोलनमा प्रत्यक्ष सङ्लग्न भएका 'भेटूानहरू'को सदिच्छा एवम् प्रत्यक्ष सम्पर्कमाथि निर्भर रहेको नेपाल(भारत सम्बन्धलाई पछिल्ला केही बर्ष सुरक्षाको साँघुरो सोच र संयन्त्रहरूले नियन्त्रित गऱ्यो । अब त्यसबाट बाहिर निस्कने बेला आएको छ । आर्थिक विकास अबको मुख्य एजेण्डा बन्नुपर्छ र यसलाई दुबै देशका नागरिकहरूको अधिकतम हितमा केन्द्रित गरिनु पर्छ । (मधेश दर्पण फिचर सेवा)

जनता टाइम्स्

२०७४ माघ २०, 3 Feb., 2018

बालबालिकामा हुने ब्लड क्यान्सर

डा. प्रकाशनिधि तिवारी

के तपाईंहरूको बच्चालाई २ साताभन्दा बढी समयदेखि ज्वरो आएको छ ? बच्चाले आलश्य मान्छ ? या खान मन गर्दैन ? अथवा शरीर सेतो भएर गइरहेको छ भने विचार गर्नुस् बच्चालाई एक्युट ल्युकेमिया (रक्त क्यान्सर)' भएको हुन सक्छ । यस्ता लक्षण देखा परेको छ भने तत्काल चिकित्सकको सल्लाह लिनुपर्छ ।

एक्यूट ल्युकेमिया एएलएल, एएमएललगायत गरी विभिन्न प्रकारका हुन्छन् । त्यसमध्येको एक हो, एक्युट लिम्फोब्ल्यास्टिक ल्युकेमिया अर्थात् एएलएल । रगतमा हुने तीन प्रकारका रक्तकोषमध्ये सेता रक्तकोष वयस्क हुन नपाई अनियन्त्रित रुपमा शरीरभरि फैलिएपछि एएलएको लक्षण देखा पर्न थाल्छन् ।


वयस्क हुन नपाएका कमसल खालका सेता रक्तकोष हाम्रो हड्डीभित्र रहेको मासीमा फैलिएमा मासीले राम्ररी काम गर्न सक्दैन । मासीले रगतमा हुने तीन प्रकारका रक्तकोष रातो रक्तकोष, प्लेटलेट र सेतो रक्तकोष बनाउँछ । मासीले काम गर्न नसकेको अवस्थामा यी तीनै रक्तकोष बन्न पाउँदैन, जसले गर्दा रातो रक्तकोषको



अभावमा शरीर सेतो भएर जान्छ र रक्तअल्पता हुन्छ । प्लेटलेटको अभावमा भने शरीरका विभिन्न भागबाट रगत बग्न थाल्छन् । छालामा राता राता छिर्का तथा निला डाम देखिन्छन् । नाकबाट रगत बग्छ भने बान्ता या दिसा-पिसाबमा रगत जान्छ । यस्तै, खकारमा रगत जाने, मष्तिष्क, फोक्सो, मिर्गौलालगायतका भित्री अंगमा पनि रगत बग्छ ।

वयस्क सेतो रक्तकोषको अभावमा रोगसँग लड्ने क्षमता कम हुन्छ र रुघाखोकी, झाडापखाला, टाईफाइड, कमलपित्त, मेनिन्जाइटिस, कान, घाँटी, आन्द्रा तथा पिसाबको संक्रमण हुन्छ ।

कमसल खालका सेता रक्तकोष शरीरका ग्रन्थी (लिन्फनोड) मा फैलिए घाँटी, छाती तथा कलेजो फियो सुन्निन्छ भने मष्तिष्कमा फैलिए टाउको दुख्ने, बेहोस हुने, काम्ने, शरीरका विभिन्न भाग नचल्ने हुन सक्छ । हड्डीमा फैलिए हाड तथा जोर्नीहरू दुख्ने हुन्छ । यस्तै, फोक्सोमा फैलिए खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, निमोनियाका लक्षण देखा पर्ने तथा कलेजोमा फैलिए जन्डिसका लक्षण देखा पर्छन् ।



पिसाबमा खराबी देखिन थादछ ।

रोगका लक्षण

२ साता या त्यसभन्दा बढी समयदेखि ज्वरो आउनु, आलस्य हुनु, खान मन नलाग्नु ।

पटक- पटक छोटो समयको अन्तरालमा रुघाखोकी, निमोनिया, झाडापखाला तथा अन्य संक्रमण भइरहनु ।

शरीर सेतो भएर जानु वा रक्तअल्पता हुनु ।

शरीरका विभिन्न भागमा राता टीका तथा नीला दाग आउनु

नाक, खकार, दिसा-पिसाबमा रगत आउनु ।

आँखा, मुख या घाँटी सुन्निनु ।

सास फेर्न गाह्रो हुनु, सास फुल्नु ।

हाड जोर्नी दुख्नु ।

हातखुट्टा लर्बराउनु, कमजोर हुनु वा नचल्नु ।

यस्ता लक्षण देखिए तत्काल चिकित्सकको सल्लाह लिनुपर्छ ।

एएलएलको उपचार कसरी गरिन्छ ?

एएलएलको उपाचार केमोथेरापी वा कहिलेकाही रेडियोथेरापीबाट गरिन्छ । विशेष खालका एएलएलमा मासी फेर्नुपर्ने हुन सक्छ, जसलाई बोनम्यारो ट्रान्सप्लान्टेशन भनिन्छ । तर चिन्ता लिननपर्ने कुरा के हो भने धेरैजसो एक्युट लिम्फोप्लास्टिक ल्यूकोमिया (एएलएल) बालबालिकामा निको हुन्छ । केमोथेरापी भनेको औषधि वा विभिन्न रासायनिक पदार्थहरू मुख, नसा, ढाड या अन्य माध्यमबाट शरीरमा दिइ उपचार गर्ने प्रक्रिया हो । यस्तो केमोथेरापी ५ देखि ७ अध्यायमा दिइन्छ । बालिकाहरूमा १०४ हप्ता र बालकलाई १६५ हप्तासम्म उपचार गर्नुपर्ने हुन्छ । एएलएलको उपचार अटुट रुपमा बाल क्यान्सर विशेषज्ञको निगरानीमा गर्नुपर्छ । 'सपोर्टिभ केयर केमोथेरापी' एएलएलको उपचारको मेरुदण्ड हो । तर केमोथेरापी दिँदा विभिन्न समस्या भने उत्पन्न हुनसक्छ ।

संक्रमण

उपचारका क्रममा केमोथेरापी दिँदा बालकको प्रतिरोधात्मक शक्ति कम हुन गई वा बालबालिका कमजोर भई विभिन्न प्रकारका संक्रमण हुन सक्छन् । केमोथेरापीले गर्दा वा सरसफाईको कमीले वा बालबालिकाले पोषिलो स्वच्छ-सफा नखाइदिँदा निमोनिया झाडापखाला, सेप्सिस मेनिडाइटिस, जन्डीस, पिसाब तथा आन्द्राको संक्रमण, मलेरिया तथा क्षयरोग लाग्न सक्छ । यी रोगहरू किटाणु, जीवाणु, भ्याउ, परजीवी आदिले गराउन सक्छन् । सरसफाईमा ध्यान दिनुका साथै स्वच्छ, पौष्टिक खानेकुरा खानु र विभिन्न प्रकारका एन्टिवायोटिक र अन्य औषधि दिनुपर्ने हुन्छ ।

रक्तअल्पता तथा रक्तश्राव

उपचारका क्रममा बालबालिकामा रक्तअल्पता हुनुका साथै विभिन्न ठाउँबाट रक्तश्राव हुन सक्छ । यस्तै, रगत जम्ने प्रक्रियाहरू बिग्रन सक्छ । यस्तो अवस्थामा बालबालिकालाई रगत वा रगतका भागहरू (होलब्लड) प्लेटलेट प्याक्डसेल फ्रशफ्रेजन प्लाज्मा आदि पटक पटक दिनुपर्ने हुन्छ ।

कुपोषण तथा पोषण

अस्पताल आउँदा नै ब्लड क्यान्सर भएका धेरै बालबालिका कुपोषित भइसकेका पाइन्छन् । त्यसमाथि रोग अथवा औषधोपचारका क्रममा बालबालिकाहरू कुपोषित हुन्छन् । त्यसमाथि बालबालिकालाई वाकवाक लाग्ने, बान्ता हुने तथा खान मन नलाग्ने हुँदा उनीहरू झन् कुपोषित हुन्छन् । यसले गर्दा विभिन्न संक्रमण बढेर विभिन्न प्रकारका रोग लाग्न सक्छन् र झन् कुपोषित हुन सक्छन् । त्यसकारण ब्लड क्यान्सर भएको अवस्थामा बालबालिकाहरूले सफा, स्वच्छ, पोषिलो खानेकुरा खानुपर्छ । मुखले आफैं खान नसके वा नखाएमा बेजोग्यास्टिक ट्यूब हालेर भए पनि कुपोषित हुनबाट जोगाउनुपर्छ ताकि उनीहरूले केमोथेरापी राम्ररी धान्न सकुन् र विभिन्न रोगबाट बच्न सकुन् ।

आइमिलाइनरसिमिलाइन ब्लड क्यान्सरमा दिइने धेरै केमोथेरापीका औषधि नसाबाट दिइन्छ । ठीक नसा नपरेमा केमोथेरापीका औषधि नसाबाट बाहिर निस्कन सक्छ र रोग निको हुन गाह्रो हुन्छ, घाउ पनि हुनसक्छ । बालबालिकाका नसा पाउन गाह्रो हुन्छ, जसले गर्दा कहिलेकाँही उनीहरूलाई पटक-पटक घोच्नुपर्ने हुन्छ । उपयुक्त प्रविधि भने महंगो भए पनि केन्द्रीय धमनीहरुमा लाइन/सेन्ट्रल भेनस लाइन हाल्न सकेमा महिनौं वा वर्षौं सम्म उनीहरूलाई केमोथेरापी दिन वा आकस्मिक रुपमा औषधिहरू रगत वा सिधै विशेषखालका खाद्यपदार्थ सिमिलाइनमार्फत् दिन सजिलो हुन्छ ।

त्यसैले बाबुआमा, अभिभावक, नर्स, असपतालका अन्य कर्मचारी, डाक्टरलगायत सबैको आवश्यक सहयोग पुगेमा बालबालिकाको ब्लड क्यान्सर धेरैजसो निको हुन्छ । तर यसमा सबैले आ-आफ्ना क्षेत्रबाट मिहिनेत गर्नैपर्छ ।

वरिष्ठ कन्सल्टेन्ट बालरोग, बाल क्यान्सर तथा रक्तरोग

तपाईंको यो साता

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) मित्र वा आफन्तको सहयोगबाट मिल्नेछ । बौद्धिकताको विकास हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ ।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । सौन्दर्यतामा धन खर्च हुनेछ । मुद्दा मामिला आइलाग्नेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा) छोटो दुरीको लाभदायक यात्रा रहला । प्रेमसम्बन्ध र प्रणयप्रसका लागि श्रेष्ठ समय रहेकोछ । धनार्जन हुनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) नसोचेको ठाउा बाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) राजननितक कार्यमा सफलता मिल्नेछ । विद्या र बुद्धिको विकास हुनेछ । नयाा-नयाा ज्ञान सिक्ने मौका मिल्नेछ ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) कलहको योग भएकाले कसैसाग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला । आर्थिक क्षेत्रमा सक्कट आउला ।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) महिला वा मित्र बाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । भाग्योदय हुनेछ ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) आ□नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । नयाा नयाा क्षेत्रमा लगानीको अवसर मिल्नेछ ।

धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) यआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । रमणीय र सुखद यात्राको योग छ ।

मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि) यात्रामा मालसामान हराउन सक्छ । नयाा योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्नेछ । चोटपटक लाग्न सक्नेछ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) रोजगारको अवसर मिलनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धव बाट विशेषसहयोग मिल्नेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) घरमा अतिथीको आगमन हुनेछ । नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ । लाभदायक यात्रा रहनेछ ।

वैदेशिक रोजगारीको बहानामा जनप्रतिनिधिबाटै ठगी



सप्तरी / स्थानीय जनतालाई समस्या पर्दा त्यसको समाधान गरिदिने र उनीहरूलाई सहजता प्रदान गर्ने काम जनप्रतिनिधिको हुनुपर्ने हो । तर सप्तरीको शम्भुनाथ नगरपालिकाका एक स्थानीय जनप्रतिनिधिले जनतालाई सहजता होइन उल्टै बिचल्लीमा पारिदिएको भेटिएको छ । शम्भुनाथ नगरपालिका वडा नं १० का वडा सदस्य रहेका मोहम्मद अनबारुलले दर्जनौं गाउँलेलाई वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गरेको पीडितहरूको बताएका छन् ।

शम्भुनाथ नपा-८ पोखरीयाका घुरन रामलाई अनबारुलले कतार पठाइदिने भन्दै डेढ वर्षअघि राहदानी र रु ९५ हजार नगद मागे । घुरन रामले रु पाँच हजारमा बन्ने राहदानी छिटो बनाउन रु १० हजार तिरे र राहदानीसहित रु ३५ हजार अनबारुललाई बुझाए ।

त्यसबेला विदेश जान अरुबाट लिएको रु एक लाख ऋणको मासिक ब्याजमात्रै रु पाँच हजार तिर्न परिरहेको उनको गुनासो छ । सो ऋण रकम काठमाडौं जाँदा आउँदा, अनबारुललाई दिँदा र राहदानी बनाउँदा सकिएको उनको भनाइ छ ।

उनले भने - "एकदिन त भोलिको फ्लाइट छ भन्दै खबर गरे । रातारात घर परिवारसँग विदावारी भएर काठमाडौं गएँ तर, फर्किएर आउनुपऱ्यो ।"

उनकी श्रीमती सीतादेवी रामले घरबाट कतार जाने भनी निस्किएका श्रीमान्लाई तीन/चार पटक विदावारी गरेको तर, काठमाडौं पुगेर श्रीमान् फर्किने गरेको स्मरण सुनाइन् ।

घुरन राम त्यसबेला लागेको ऋण तिर्न यसै साता भारतको दिल्लीमा जान लागेका छन् । त्यहाँ महिनाको रु १५ हजार पाउने गरी कामका जान लागेको उनले सुनाए । अनबारुललाई पटक/पटक आफ्नो रु ३५ हजार फिर्ता गर्न आग्रह गरेपनि फिर्ता नगरेको उनले गुनासो गरे ।

शम्भुनाथ नपा-५ का रामनारायण सरदार अनबारुललाई रु ९५ हजार तिरेर कतार गएको डेढ महिनापछि स्वास्थ्य परीक्षणमा अनुत्तीर्ण भएर नेपाल फर्किए ।

विदेश पुगेर स्वास्थ्य परीक्षण अनुत्तीर्ण भएमा स्वदेशमा स्वास्थ्य परीक्षण गर्ने संस्थाले विदेश जाँदा लागेको रकम तिर्नुपर्ने व्यवस्था छ । अनबारुलले स्वास्थ्य परीक्षण गर्ने संस्थाबाट आफूले रकम उठाइदिन्छु भन्दै उनलाई गाउँ बोलाए तर, एक वर्ष बित्दासमेत उनले सो रकम दिलाउन लगाएका छैनन् ।

पैसा लिएर उल्टै पैसा दिएको कागज

अझ अनौठो त के छ भने अनबारुलले ठगी गरेका व्यक्तिहरूलाई उल्टै रकम दिएको कागज गराउने गरेका छन् ।

साउदी अरबमा मासिक एक हजार २०० साउदी रियाल पाउने गरी राम्रो कामका लागि अवसर आएको र त्यहाँ पठाइदिने भन्दै अनबारुलले शम्भुनाथ नपा-९ बसवलपुरका मुसहर समुदायका कन्की सदासँग दुई वर्षअघि रु ६५ हजार लिए ।

अनबारुलले आफूले रकम लिएको कागज गर्नुको साटो उल्टै आफूले सदालाई रु ६० हजार दिएको कागज गराए ।

पीडित सदाले भने - "रु ६५ हजार दिएको केही समयपछि अनबारुलले साउदीको भिसा आइसकेकाले जान रु एक लाख २० हजार लाग्ने भन्दै ६० हजार तिर्न बाँकी रहेको कागज गराए ।"

दालाई साउदी जाने भन्दै तीन चोटि काठमाडौं बोलाए तर, आज भोलि भन्दाभन्दै दुई वर्ष बित्यो । न त उनको पैसा फिर्ता आयो न त उनी विदश नै जान पाए ।

कन्की सदासँग मात्रै होइन उनका दाजु सुकदेवा सदासँग पनि उनै अनबारुलले साउदी अरबमा रोजगारीका लागि पठाइदिने भन्दै रु एक लाख ४० लिएका छन् ।

अनबारुलले साउदी पठाएका सोही गाउँका रामचन्द्र सदाले पनि भने अनुरुपको तलव पाएका छैनन् । रामचन्द्रका बुबा जिलेवी सदाले मासिक रु एक हजार २०० साउदी रियाल पाउने भनेर पठाएकामा छोराले मासिक रु छ सय साउदी रियलमात्रै पाइरहेको जानकारी दिए ।

रामचन्द्रबाट पनि अनबारुलले रकम लिएर उल्टै रकम दिएको कागज गराएका छन् । जिलेवीले भने - "जानुअघि रु ६० हजार अनबारुललाई दिएपछि थप रु ६० हजार पुगेन भन्दै ६० हजार तिर्न बाँकी रहेको कागज गराए । त्यसमध्ये ४५ हजार तिरिसकें । अब १५ हजार तिर्न बाँकी छ ।"

छोराका कमाइ राम्रो नभएकाले फर्किने दिनसम्म पनि जाँदा लिएको ऋण तिर्न नसकिने हो कि भन्ने चिन्तामा छन् जिलेवी ।

शम्भुनाथकै अशोक कुमार रायलाई अनबारुलले एक हजार १०० कतारी रियल तलव पाउने भन्दै कतार पठाए । उनले ७०० रियल मात्रै पाउँदै आएका छन् ।

जाँदा रु ८० हजार तिरेर गएका रायलाई थप रु ४० हजार तिर्न बाँकी रहेको कागज अनबारुलले गराएका थिए । भने अनुसारको काम र तलव नपाएपछि रायले बाँकी रहेको रकम तिर्न अस्वीकार गरेपछि उनकी श्रीमतीविरुद्ध प्रहरी चौकीमा उजुरी गरे ।

यसरी विदेश लैजाने भन्दै दर्जनौं व्यक्तिलाई ठगी गरेका अनबारुल गत स्थानीय तहको निर्वाचनमा राष्ट्रिय जनता पार्टीबाट वडा सदस्यमा निर्वाचित भए ।

सुरक्षित आप्रवास परियोजना (सामि)का परामर्शदाता निता चौधरीले अनबारुलले विदेश लैजाने भनी रकम लिएर नपठाएका, विदेश गइसकेपछि भनेअनुसारको काम र तलब नपाएका जस्ता एक दर्जनभन्दा बढी निवेदन जिल्ला प्रशासन कार्यालयमा परेको जानकारी दिइन् ।

सामिको पहलमा घुरन राम, अरुन राम, रामनारायण सरदार लगायतले विभिन्न मितिमा जिल्ला प्रशासन कार्यालय हुँदै प्रहरीमा अनबारुलविरुद्ध उजुरी दिए पनि उनीमाथि अझै कारवाही हुन सकेको छैन ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक मुकेश कुमार सिंहले अनबारुलविरुद्ध प्रहरीमा परेको उजुरीबारे आफूलाई जानकारी नरहेको बताए । यसबारे स्थानीय प्रहरीबाट जानकारी माग्ने जवाफ पनि उनले दिए ।

प्रदेशसभाले .....

अधिकृत संगम, धनुषाको सभाहलमा प्रदेश नं २ का प्रदेशसभा सदस्यमध्ये ज्येष्ठ सदस्य लगनलाल चौधरीको अध्यक्षतामा सम्पन्न बैठकले प्रदेश सभाका सदस्यहरूले आफ्नो अनुकूलको पोशाकमा कफी रङको कोट वा बण्डी (अलि ठूलो इस्टकोट) लगाउने निर्णय गरेको छ ।

विभिन्न पाँच राजनीतिक दलको प्रदेशसभा सदस्य सहभागी उक्त बैठकले प्रदेशसभामा राष्ट्रभाषाका अतिरिक्त स्थानीय भाषाको प्रयोग गर्न पाउने गरी सर्वदलीय सहमति भएको संघीय संसद् सचिवालयका सहसचिव वंशीराज पौडेलले बताए ।

सहसचिव पौडेलले प्रदेशसभामा खटिने मर्यादापालकले हालका लागि सफारी सुट प्रयोग गर्नेगरी हिजो बसेको बैठकले पोशाक निर्धारण गरेको बताए । सर्वदलीय बैठकले प्रदेशसभा सदस्यको लोगो पनि तय गरेको छ । लोगोको माथिल्लो भागमा जानकी मन्दिरको तस्वीर हुनेछ भने तल हरियो फाँट र किसानको तस्वीर हुने प्रदेशसभा सांसद रामआषिश यादवले बताए ।

त्यसैगरी, प्रदेशसभाको २१ गते हुने पहिलो बैठकको कार्यसूची पनि निर्धारण गरिएको छ । कार्यसूचीमा प्रदेश प्रमुखको पत्र ज्येष्ठ सदस्य लगनलाल चौधरीले पढेर सुनाउने गरी कार्यविधिमा उल्लेख गरिएको छ ।

प्रदेशसभाको अध्यक्ष मण्डल पाँच सदस्यीय राख्ने भएको छ भने लोगो, दर्शक पास तथा विशेष पासको विषयमा पनि छलफल भएको र यससम्बन्धी अन्तिम निर्णय आज हुने बैठकले तय गर्ने सहसचिव पौडेलले बताए ।

सर्वदलीय बैठकमा प्रदेशसभाको कार्यव्यवस्था परामर्श समितिमा बढीमा ११ जना सदस्य मनोनयन गर्ने निर्णय गर्नुका साथै सभामुखको निर्वाचन, दलका सचेतक तथा संसदीय दलका नेता चयन गर्ने विषयमा पनि छलफल भएको सहसचिव पौडेलले जनाए ।

त्यसैगरी, प्रदेशसभाको बैठकमा प्रस्तुत हुने प्रस्तावित प्रदेशसभाको कार्यसञ्चालन अन्तरिम कार्यविधि(२०७४ को मस्यौदा अध्ययनका लागि आजको सर्वदलीय बैठकमा प्रदेशसभाका सदस्यलाई प्रदान गरिएको छ । अध्ययन पछि यसमा आवश्यकताअनुसारको संशोधनका लागि सुझावसहित आज हुने बैठकमा पेश गर्न प्रदेशसभाका सदस्यलाई आग्रह गरिएको छ ।

बैठकलाई सम्बोधन गर्दै प्रदेश प्रमुख कायस्थले प्रदेशसभाको पहिलो बैठकलाई ऐतिहासिक बनाउनका लागि सबै प्रदेशसभाका सदस्यलाई आग्रह गरेका छन् ।

संघीय संसद्ले प्रदेशसभाको पहिलो बैठक सञ्चालनका लागि सहसचिव वंशीराज पौडेलको नेतृत्वमा एकजना उपसचिव तथा दुईजना शाखा अधिकृतलाई परिचालन गरेको भएपनि अन्य कर्मचारीको अभाव रहेको जानकारी संघीय संसद्का सहसचिव पौडेलले गराउनुभयो । बैठकको संयोजन धनुषाका प्रमुख जिल्ला अधिकारी दिलीप चापागाईले गरेका थिए ।

सखुवा नान्कारकट्टीको बजेट करिब १९ करोडः प्रत्येक वडामा एउटा नमूना विद्यालय बनाईने

लहान / सिराहाको सखुवा नान्कारकट्टी गाउँपालिकाको पहिलो गाउँसभाले आर्थिक वर्ष २०७४/०७५ का लागि रु १८ करोड ८४ लाख ३४ हजार ७६६ को बजेट पारित गरेको छ ।

विहिबार भएको गाउँसभाले आव २०७४/०७५ मा अनुदानबापत रु ११ करोड ९९ लाख ४५ हजार, गत वर्षको बैंक मौज्दात अल्याबाट रु ५८ लाख १५ हजार ७६६, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट रु ११ करोड ९९ लाख ४५ हजार, सशर्त अनुदान रु छ करोड तीन लाख ४४ हजार र आन्तरिक आय (मालपोत तथा राजश्व बाँडफाँड) स्रोतको अनुमानित रु २३ लाख ३० हजार गरी रु १८ करोड ८४ लाख ३४ हजार ७६६ को बजेट पारित गरेको गाउँपालिका अध्यक्ष केदारनाथ यादवले जानकारी दिए ।

चालू खर्चतर्फ रु दुई करोड ९३ लाख ६५ हजार, पूँजीगततर्फ छ करोड ९७ लाख २५ हजार ७०० विनियोजन गरेको छ भने वडास्तरीय कार्यक्रमका लागि रु दुई करोड ९० लाख, सशर्त अनुदान (कृषि, पशु, शिक्षा र स्वास्थ्य) तर्फ रु छ करोड तीन लाख ४४ हजार विनियोजन गरेको अध्यक्ष यादवले बताए ।

त्यस्तै, शिक्षातर्फ प्रत्येक वडामा एउटा नमूना विद्यालय बनाउनका लागि बजेट विनियोजन गरेको छ भने सो विद्यालयमा अंग्रेजी माध्यमबाट पढाइ सञ्चालन गराउने योजना रहेको जनाइएको छ ।

गाउँसभाले विकास निर्माणतर्फ ठोस योजनाका रूपमा २५ किलोमिटर ग्राभेल रिङरोडको विस्तार गर्ने लक्ष्यअनुरुप चालू आवभित्रै दुई किलोमिटर सडक कालोपत्रे गर्ने योजना पारित गरेको अध्यक्ष यादवको भनाइ छ ।

यसैगरी, गाउँसभाले दलित समुदायलाई गाउँपालिकाबाट हुने सिफारिश दस्तुरमा ५० प्रतिशत छुट दिने निर्णय पारित गरेको जानकारी दिनुहुँदै अध्यक्ष यादवले स्वास्थ्यतर्फ गाउँपालिकाको एम्बुलेन्स खरिद प्रक्रिया र स्वास्थ्य संस्था सुधार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेकोसमेत बताए ।

सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रबाट लागि परौ ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर बनाउन आफनो घरबाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौ ।
– शहरलाई प्लाष्टीक र प्रदुषणयुक्त बनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु बढीमात्रामा प्रयोग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई बुझाउनु पर्ने सबै किसिमका करहरु समयमै बुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सबै मिलेर संरक्षण गरौ ।
– सभ्य नागरिक बनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका बनाऔ ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौ ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौ ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर बनाउन आफनो घरबाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी बनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौ
– नगरपालिकालाई बुझाउनु पर्ने सबै किसिमका करहरु समयमै बुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सबै मिलेर संरक्षण गरौ ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक बनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका बनाऔ ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सम्पुर्ण इलेक्ट्रोनिक्स सामनहरू एकै

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

प्रो बिमल कुमार झा
छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका
१फत्तेपुर हटिया छिर्ने बाटो

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९८४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा



प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अव तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

सम्पर्क :
विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स
सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर
पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२१२९१



Complete Mobile & Computer Concern
extra easy zone for excellent service in electrics, education & entertainment
Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

